# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड, भरतपुर, चितवन
## श्वेत- पत्र (पौष २०७०)

**१. पृष्ठभूमिः**

नेपालको मध्य भाग स्थित भरतपुर नगरपालिका अत्यन्त तिब्र शहरीकरणको कारण उच्च जनसंख्या बृद्धि भएको नगर हो । राष्ट्रिय जनगणना २०६८ अनुसार बि.सं. २०६८ आषाढ मसान्त सम्मको यस नगरको घरसंख्या २४,७३६ जनसंख्या १,४३,८३६ र बार्षिक जनसंख्या बृद्धिदर ५.०३ छ । वर्तमान जनसंख्या बृद्धिदर ५.०३ अनुसार २०७० आषाढ सम्मको नगरको कुल जनसंख्या १,५८,६७० र घर संख्या २७,२२४ हुन आउँछ ।

**भरतपुर खानेपानी प्रणालीको बिकासकमः**

- जुगेडि खोलाको मुहानवाट खानेपानी विभाग मार्फत वि.सं. २०३३ तिर खानेपानी आयोजना शुरु भएको
- जापान सरकारको सहयोगमा वि.सं. २०५० मा  सुधार विस्तार भएको
- वि.सं. २०५६ श्रावण १ गतेदेखि  नेपाल खानेपानी संस्थान भरतपुर शाखालाई हस्तान्तरण गरिएको
- बि.सं.२०६१ जुगेडी सिष्टम बाढिबाट क्षतिग्रस्त भएको
- नेपाल सरकारको ऋण तथा अनुदानमा नयां संरचनाहरुको निर्माण कार्य भरतपुर नगरपालीकाले आ.ब. २०६२।०६३ मा शुरु भई आ.ब.२०६७।०६८ मा सम्पन्न गरेको
- नेपाल सरकारको २०६४।०५।३१को  निर्णय अनुसार भरतपरु खानेपानी व्यवस्थापन बोर्ड गठन भएको
- भाद्र २०, २०६९ पश्चात सम्पुर्ण प्रणालीको जिम्मेवारी बोर्डले लिएको

**२. भरतपुर खानेपानी व्यवस्थापन बोर्डको गठनः** नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई यस क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उद्देश्यले भरतपुर नगरपालिकाको सिफारिसमा नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६४।०५।३१को  निर्णय अनुसार भरतपुर खानेपानी व्यवस्थापन बोर्ड गठन भएको हो ।

**३. सेवा प्रणालीको संक्षीप्त विवरणः** यस बोर्ड अन्तर्गत संस्थानबाट प्राप्त रु. १२ करोड ९० लाख, भ.न.पा.को **UEIP Project** बाट प्राप्त रु. २६ करोड ८८ लाख र बोर्डको आन्तरिक श्रोत तथा उपभोक्ता समुदाय र अन्य सहयोगी संस्थाको सहयोगमा निर्माण गरेको रु. ५ करोड ४२ लाख गरी जम्मा **रु. ४४ करोड ८९ लाख ०८ हजार** वरावरको सम्पत्ती छ भने, **रु. ७ करोड ८८ लाख ०६ हजार** वरावरको ऋणको साँवा तथा ब्याजको दायित्व छ ।

यस बोर्ड अन्तर्गत निम्न बमोजिमका मुख्य संरचनाहरु चालु रहेका छन् ।

| | |
|---|---|
| डिप ट्यूबवेलः | १८ वटा ( १६वटा चालु, २ वटा निर्माणाधिन) |
| जेनरेटरः | ४ सेट ( १०० के.भि.ए. ३, १८० के.भि.ए. १) |
| ट्रान्सफर्मरः | १२ वटा |
| पानीपोखरीः | ५ वटा, कुल क्षमता ३९५० घ.मी.( २वटा ओभरहेड, ३ वटा जमिनको) |
| कार्यालय भवनः | ३ वटा |
| वितरण लाईनः | ३७० कि.मि. |

**४. भरतपुर खानेपानी व्यवस्थापन बोर्डले हासील गरेका मुख्य उपलब्धीहरुः**

- नयां धारा जडान सम्बन्धी कार्यविधि र शुल्कहरुको निर्धारण
- भरतपुर खानेपानी व्यवस्थापन बोर्ड नियमावली २०६६, “कर्मचारी प्रशासन विनियमावली २०६९” र “आर्थिक प्रशासन विनियमावली २०६९” तयार गरी नेपाल सरकारबाट स्वीकृत भएको
- नेपाल खानेपानी संस्थान भरतपुर शाखाको सम्पत्ती तथा दायित्व बोर्डमा हस्तान्तरण

- जनश्रमदान बापत भरतपुर नगरपालिकाले बोर्डलाई उपलब्ध गराएको सापटी रकम रु. २ करोड १० लाख १५ हजार मध्ये रु. १ करोड ८५ लाख नगरपालीकालाई फिर्ता गरी सकेको
- नयाँ महशुल तथा सेवा शुल्कहरुको प्रस्ताव महशुल निर्धारण आयोगमा पठाएको
- कम्प्युटर विलिङ् प्रणालीको शुरुवात भएको, कृष्णपुरस्थित कार्यालय र बसेनीस्थित कार्यालयका कम्प्यूटरहरु World Link को Virtual Private Network (VPN) मार्फत एक आपसमा Networking गरिएको, आँफुलाई पायक पर्ने काउण्टरबाट नयां धारा जडान एवं महशुल भुक्तानी गर्न सकिने
- **क्षमता विस्तारः**
  - ✓ प्रेमबस्ती, नारायणपुर, गौरीगंज, तोरीखेत, कैलासनगर र आनन्दपुरमा भ.न.पा. तथा स्थानीय उपभोक्ताहरुसंगको सहकार्यमा नयाँ खानेपानी प्रणाली निर्माण शुरु गरेको
  - ✓ स्थानीय उपभोक्ताहरुको सहयोगमा बोर्डलाई ७ कट्ठा जग्गा निशुल्क प्राप्त गरेको
  - ✓ नयाँ क्षेत्रमा ४ वटा र पुरानो सेवा क्षेत्रमा १ गरि जम्मा ५ वटा डिप ट्युववेलहरुको निर्माण भएको, यसबाट दैनिक पानी उत्पादन क्षमता १ करोड ५० लाख लिटरबाट २ करोड ४० लाख लिटर पुगेको
  - ✓ पुरानो प्रणालीभित्र ३८ कि.मी.र नयाँ प्रणालीमा ४२ कि.मी. गरि ८० कि.मि. थप वितरण लाईन निर्माण गरिएको
- **चुहावट नियन्त्रणः**
  - ✓ पानी दुरुपयोग गर्ने १४० जना ग्राहकहरुबाट १२ लाख ४० हजार थप महशुल संकलन गरिएको
  - ✓ मिटर जडान नभएका ग्राहकको संख्या १२००बाट ३०० मा झारीएको
  - ✓ ३० वटा सार्वजनिक धाराहरुलाई मिटर जडान गरि समुहगत धारामा परिवर्तन गरिएको
  - ✓ ग्राहकहरु नम्बरिङ गरिएकोले मिटर रिडिङ् कार्य बढि प्रभावकारी (Efficient) भएको, चुहावट अनुगमन गर्न सहज भएको
  - ✓ चुहावट दर करिव ३८ % बाट ३२ %मा झरेको, चुहावट दर अझै घट्दो क्रममा
  - ✓ गत बर्षसम्मको प्रति ग्राहक प्रति महिना औसत महशुल रु.१५४.०० बाट बढेर रु.१८०.०० पुगेको
- जैविक फोहर घरमै व्यवस्थापन गर्ने उद्धेश्यले ५० प्रतिशत अनुदानमा १७० वटा कम्पोष्ट च्याम्बर वितरण गरिएको
- **खानेपानी सुरक्षा योजना (Water Safety Plan) संचालनः**
  - ✓ वितरित पानी प्रदुषित हुनबाट बचाउन आ.ब. २०६८।०६९ देखि खानेपानी सुरक्षा योजना लागु गरिएको
  - ✓ विश्व स्वास्थ्य संगठनको सहयोगमा खानेपानी तथा ढल निकास विभाग माफत पानीको गुणस्तर जांच गर्ने टेष्ट किट प्राप्त भएको
  - ✓ बोर्डको कार्यालयमा सानो स्केलको पानीको गुणस्तर परीक्षण प्रयोगशाला (Water QualityTesting Laboratory) निर्माण गरी नियमित रुपमा पानी परीक्षण शुरु गरिएको

**५. भरतपुर नगरपालिकामा खानेपानी सुविधाको स्थिति (२०७० आषाढ मसान्त सम्मको):**

- ✓ नगरका २७,२२४ घरधुरी मध्ये जम्मा १४,५०० ग्राहक मार्फत ९०,००० जनसंख्यालाई बोर्ड मार्फत सेवा पुगेको,
- ✓ करीव ७०० घरधुरीमा उपभोक्ता समिति मार्फत संचालित स-साना खानेपानी स्कीमहरु (रामनगर, ठिमुरा, देवघाट, जखडीमाई, रोजगार्डेन, कृष्णपुर र बाईसबिघा) बाट सेवा पुगेको
- ✓ उक्त स्कीमहरुमध्ये केहिलाई आवश्यक परेको समयमा प्राविधिक र आर्थिक सहयोग गर्ने गरेको

- ✓ भरतपुर नगरपालिकाको साझेदारीमा विकास गरेका खानेपानी आयोजनाहरु, प्रेमबस्ती, गोरीगंज, तोरीखेत, कैलासनगर र आनन्दपुर निर्माणकै चरणमा रहेका
- ✓ वार्ड नं. ९, ११ र १२ को केरुङ्गा नाला पुर्वलाई लक्षित गरि सर्वेक्षण गरिएको नौरङ्गे खानेपानी आयोजनाको लागि आवश्यक जग्गा उपलब्ध गराउने र आर्थिक श्रोत जुटाउने प्रयास भईरहेको

**६. समस्या र चुनौतीहरुः**

- ✓ करीव २ बर्ष संस्थानको सम्पत्ती तथा दायित्व हस्तान्तरण गर्ने कार्यमा बोर्डको ध्यान केन्द्रित रहन गएको
- ✓ २०६९ भाद्र २० मा संस्थान हस्तान्तरण भए पश्चात मात्र यसले सम्पुर्ण प्रणालीको जिम्मेबारी पाएको
- ✓ संस्थाको हिसावले बोर्ड शुरुवातकौ अवस्थामा
- ✓ अधिकांस करारका कर्मचारीहरुबाट काम संचालन भएको, यसको संस्थागत संरचना तयार भई नसकेको
- ✓ बोर्डका नीति नियम, निर्देशिका र कार्य पद्धतिहरु निर्माणकै कममा, बोर्डमा सामान्य दैनिक कामकाज संचालन र मर्मत संभारका लागि आवश्यक जनशक्ति बाहेक ब्यवस्थापन तहमा काम गर्ने जनशक्ति नभएको
- ✓ सेवा प्रणालीमा १८ वटा ट्युववेल, ३७० कि.मि. वितरण लाईन, १५००० ग्राहक र करीव ४० बर्ग कि.मि. सेवा क्षेत्र विस्तार भएकोले कर्मचारीहरुको कार्यबोझ बढेको, नयाँ शुल्क निर्धारण नभएसम्म कर्मचारी थप गर्न नसकिने अवस्था (संस्थानले संचालन गर्दा ७ वटा ट्युववेल, ७५ कि.मि. वितरण लाईन, ७५०० ग्राहक र करीव १० बर्ग कि.मि. सेवा क्षेत्र थियो )
- ✓ आयोजनाको लागत कम गर्न वितरण लाईनमा एच.डि.पि. पाईप प्रयोग गरिएको र सडक तथा नालाहरुको निर्माण गर्दा हेभि उपकरणहरु जथाभावि प्रयोग गरिने भएकोले बारम्बार टुट्फुट हुने समस्या
- ✓ अत्यधिक सार्वजनिक बिदाको कारण पनि मर्मत संभारमा थप समय लाग्ने गरेको
- ✓ लामो समयसम्म विद्युत कटौती हुने भएकोले जेनरेटर संचालन गर्दा ईन्धन खर्च बृद्धि भएको
- ✓ विषेश गरि बजार क्षेत्रका पुराना ग्राहकहरुले लामो समयसम्म महशुल नतिर्ने, धाराको महशुल धैरै भईसकेपछि धारा आँफै बन्द गरि केहि समय पछि परिवारका अन्य सदस्यहरुको नाममा धारा लिने, धाराको ग्राहक नम्बर राख्न नदिने र बषौं सम्म घर भाडामा लगाउने तर पानी महशुलबारे डेरावालालाई पनि जिम्मेवारी नदिने जस्ता कारणहरुले गर्दा बक्यौता असूलीमा समस्या देखिएको
- ✓ करीव १२००० घरधुरीहरुलाई सेवा दिन सकिएको छैन, नेपाल सरकारसंग सहलगानीमा ( ६०% नेपाल सरकार, ४०% स्थानिय श्रोत ) आयोजना निर्माण गर्न बर्तमान शुल्कको आधारमा योजना प्रस्ताव गर्ने अवस्था छैन

**७. बोर्डको बर्तमान तथा भावी कार्ययोजनाः**

सेवा सुधार विस्तारको लागि बोर्डले निम्न अनुसारका कार्यक्रमहरु चरणबद्ध रुपमा संचालन गर्ने लक्ष लिएको छ ।

- पुरानो प्रणालीभित्र पाईप लाईन नपुगेका सडकहरुमा पाइप लाईन थप गरि सेवा विस्तार गर्दै जाने
- वडा नं. ९, ११ र १२ को केरुङ्गा नाला पुर्वको बांकी क्षेत्रलाई समेट्ने गरी नयां प्रणाली निर्माण गर्ने
- प्रेमवस्ती, नारायणपुर गौरीगंज क्षेत्र समेट्ने गरी नयां पम्प स्टेशन र ओभरहेड सहितको प्रणाली बिकास गर्ने
- उपभोक्ता समितिबाट संचालित ठिमुरा, रामनगर, भोजाड (जखडीमाई) र नारायणपुर (रोज गार्डेन), बाईस बिघा स्कीमहरुलाई सम्बन्धित उपभोक्ता समिति संगको समन्वयमा बोर्डको स्वामित्वमा ल्याई सञ्चालन गर्ने वा उपभोक्ता समितिहरुले आंफै संचालन गरेको अवस्थामा आवश्यक प्राविधिक र ब्यवस्थापकिय सहयोग गर्ने ।

- व्यवस्थापन सुधारको लागि नगरपालिका, टोल सुधार संस्थाहरु र अन्य गैर सरकारी संघ संस्थाको सहयोगमा पानी सुरक्षा योजना (Water Safety Plan), चुहावट नियन्त्रण, ग्राहक सचेतना, वातावरणीय सरसफाई कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरी सेवास्तर र गुणस्तर बृद्धि गर्ने ।

## ८.० भरतपुर खानेपानी व्यवस्थापन वोर्डको आम्दानी खर्चको विवरण:

आ.ब. २०६५।०६६ देखि आ.ब. २०६९।७० सम्म पानी महशुल, अन्य सेवा शुल्क र ग्राहक धरौटी समेत गरि बोर्डले जम्मा रु. १० करोड ४० लाख ५४ हजार संकलन गरेको छ । उक्त रकम मध्ये संचालन खर्च र नगर पालिकाको सापटी फिर्ता बापत जम्मा रु. ६ करोड ३४ लाख २३ हजार खर्च भएको छ । आयोजनाको बिस्तार र अन्य पुँजिगत खर्चमा रु. ३ करोड ३६ लाख १९ हजार खर्च भई २०७० आषाढ मसान्त सम्म रु. ७० लाख ११ हजार नगद मौज्दात छ । बिगत ५ बर्षको बिस्तृत आम्दानी खर्च निम्न बमोजिम छ ।

**वोर्डको आ.व. २०६५।०६६ देखी आ.व. २०६९।०७० मा भएका आम्दानी तथा खर्चहरुको विवरण:**

| **आम्दानी तर्फ** | ०६५/६६ | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| अघिल्लो बर्षको बचत | ०.०० | ४२५७३३९.०० | ८८६५४६५.०० | १०७७९३७३.०० | ८३६६६२४.०० | | |
| पानी महशुल | ०.०० | ०.०० | ३०५५७२०.०० | ७४५०३७३.०० | २९६८०७१४.०० | ४०१८६८०७.०० | |
| धारा जडान शुल्क | ४०१४०००.०० | १२८९३२००.०० | ६१३९९१०.०० | ६२४६०००.०० | ६८४६८००.०० | ३६१३९९१०.०० | |
| धरौटी आम्दानी | | २५३१०००.०० | १२९५३१५.०० | १२५४०००.०० | १६५२२९६.०० | **६७३२६११.००** | |
| अन्य आम्दानी | ३३९६००.०० | २७९८००.०० | ४०९६५१२.०० | ६७३४३४९.०० | ९५४४७४४.०० | २०९९५००५.०० | |
| जम्मा आम्दानी | ४३५३६००.०० | १९९६१३३९.०० | २३४५२९२२.०० | ३२४६४०९५.०० | ५६०९११७८.०० | **१०४०५४३३३.००** | |
| **खर्च तर्फ** | | | | | | | |
| कर्मचारी तलव भत्ता | २५३३०.०० | ३११०५२.०० | १३६०४४८.०० | २७३१९१२.०० | ७१२१००६.०० | ११५४९७४८.०० | |
| ईन्धन खर्च (विद्युत तथा डिजेल) | ०.०० | ०.०० | ३४१९४८९.०० | ३३५६६९४.०० | १३४२९६३९.०० | २०२०५८२२.०० | |
| भरतपुर नगरपालिकाको सापटी फिर्ता (जन सहभागिता रकम) | ०.०० | १०५०००००.०० | ०.०० | ४००००००.०० | ४००००००.०० | **१८५०००००.००** | |
| धरौटी फिर्ता | ०.०० | ०.०० | २३०००.०० | २८१३७२.०० | १४०९६०.०० | **४४५३३२.००** | |
| नियमित मर्मत सम्भार खर्च | | ०.०० | १८४९४७.०० | १५८२५४४.०० | २४२१६६३.४७ | ४१८९१५४.४७ | |
| अन्य संचालन खर्चहरु | ७०९३१.०० | २८४८२२.०० | ११८२६४७.०० | २०१२९०५.०० | ४९८२१८६.५३ | ८५३३४९१.५३ | |
| जम्मा संचालन खर्च | ९६२६१.०० | ११०९५८७४.०० | ६१७०५३१.०० | १३९६५४२७.०० | ३२०९५४५५.०० | **६३४२३५४८.००** | |
| संचालन वचत | ४२५७३३९.०० | ८८६५४६५.०० | १७२८२३९१.०० | १८४९८६६८.०० | २३९९५७२३.०० | ४०६३०७८५.०० | |
| आयोजना विस्तार तथा अन्य पुँजिगत लगानी | ०.०० | ०.०० | ६५०३०१८.०० | १०१३२०४४.०० | १६९८४७०३.०० | **३३६१९७६५.००** | |
| **नगद मौज्दात (धरौटी सहित)** | ४२५७३३९.०० | ८८६५४६५.०० | १०७७९३७३.०० | ८३६६६२४.०० | **७०११०२०.००** | ७०११०२०.०० | |